# चिकित्सा शिक्षा आयोग, वार्षिक बुलेटिन

वर्ष १ अंक १ वार्षिक प्रकाशन २०७६

## सम्पादकीय

चिकित्सा शिक्षा मानव जीवनका लागि अपरिहार्य र अभिन्न विषय भएको यथार्थता हाम्रो सामु छ। चिकित्सा शिक्षाले मानव स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने भएको कारण यसको गुणस्तरीयता तथा सान्दर्भिकताका सम्बन्धमा सर्वत्र गहन चासो रहन्छ। गुणस्तरीय चिकित्सा शिक्षाले दक्ष स्वास्थ्य जनशक्ति उत्पादन गर्ने र दक्ष जनशक्तिले मात्र गुणस्तरीय चिकित्सा सेवा प्रदान गर्न सक्ने विश्वास आम सर्वसाधारणमा रहेको पाइन्छ।

हाम्रो देशमा पनि यस सन्दर्भलाई हृदयङ्गम गरी चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकताअनुरूप विकास गरी चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन चिकित्सा शिक्षासम्बन्धी शिक्षण संस्थाको स्थापना र संचालनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न तथा चिकित्सा शिक्षामा गुणस्तर, पेसाधर्मिता, संस्थागत जवाफदेही, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्न लगायत सबै विद्यार्थीहरूको समान पहुँच सुनिश्चित गर्नका लागि विगतदेखिको प्रयासस्वरूप २०७४ साल कार्तिक २४ गते राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धमा व्यवस्था गर्न अध्यादेश जारी भएको थियो। सो अध्यादेश निर्दिष्ट समयभित्र संसदबाट पारित हुन नसकेका कारण त्यसलाई प्रतिस्थापन गर्ने गरी सरकारले चिकित्सा शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ल्याई उक्त विधेयक संघीय संसदबाट पारित भएकामा सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७५ फाल्गुन १० गते प्रमाणीकरण भएपश्चात् राजपत्रमा प्रकाशित भई राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को रूपमा कार्यान्वयनमा आएको छ। यसका लागि चिकित्सा शिक्षासम्बन्धी राष्ट्रिय नीति तर्जुमा उच्चस्तरीय कार्यदलको प्रतिवेदन २०७२, विगतमा गठन भएका आयोग, कार्यदल तथा समितिका प्रतिवेदनहरूले दिएका सुझावहरू नै आधारभूत मार्गदर्शन रहेका छन्।

चिकित्सा क्षेत्रमा शिक्षण संस्थाको नियमन गर्न तथा चिकित्सा शिक्षालाई गुणस्तरीय बनाउनको लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन,२०७५ ले चिकित्सा शिक्षा आयोगको गठन गरेको छ। हाल भक्तपुर जिल्लाको सानोठिमीमा आयोगको कार्यालय स्थापना भई कार्य सञ्चालन गर्दै आइरहेको छ।

कुनै पनि ऐन, नियमावलीको सहज कार्यान्वयनका लागि सो सम्बन्धमा सरोकारवालाहरूलाई सुसूचित गर्नु आवश्यक हुन्छ। सोही अनुरूप राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ लाई सरोकारवालासमक्ष प्रस्तुत गरी सुसूचित गर्ने तथा पृष्ठपोषण सङ्कलन गर्ने उद्देश्यले आयोगद्वारा उक्त ऐनको प्रबोधीकरण कार्यक्रम देशका सातवटै प्रदेशमा र चिकित्सा शिक्षासम्बन्धी राष्ट्रिय गोष्ठी केन्द्रस्तरमा आयोजना गरिएको थियो।

कुनै पनि निकायले गरेका काम कारवाही एवम् सम्बन्धित निकायका सामयिक जानकारीका विषयलाई सम्बद्ध सरोकारवाला समक्ष पुऱ्याउन आवश्यक हुन्छ। सोही विषयलाई मध्यनजर गर्दै आयोगका विषयमा आधारभूत जानकारी प्रदान गर्ने उद्देश्यले यो बुलेटिन प्रकाशन गरिएको छ। यसबाट सम्बन्धित सबैलाई आवश्यक सहयोग पुग्ने अपेक्षा छ। आयोगले बुलेटिन विकासमा सहयोग पुऱ्याउनु हुने सम्बद्ध सबैप्रति आभार व्यक्त गर्दै आगामी अङ्कलाई थप व्यवस्थित बनाउन पाठकवर्गको रचनात्मक सुझावको अपेक्षा गरेको छ।

## परिचय

चिकित्सा शिक्षाको क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्न, चिकित्सा शिक्षालाई नेपालको राष्ट्रिय आवश्यकता अनुरूप विकास गर्न, चिकित्सा शिक्षाको नियमनलाई एकीकृत तथा चुस्त बनाउन, चिकित्सा शिक्षासम्बन्धी शिक्षण संस्थाको स्थापना र सञ्चालनसम्बन्धी कार्यलाई व्यवस्थित गर्न, चिकित्सा शिक्षामा गुणस्तर, पेसाधर्मिता, संस्थागत जवाफदेही, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम गरी विपन्न लगायत सबै विद्यार्थीहरूको समान पहुँच सुनिश्चित गर्न विभिन्न समयमा गठित आयोग, समिति तथा कार्यदलको प्रतिवेदनको मर्म र भावना समेतलाई दृष्टिगत गरी चिकित्सा शिक्षा आयोगको स्थापना तथा सञ्चालन गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ जारी भई चिकित्सा शिक्षा आयोग स्थापना भएको हो। मिति २०७५ साल फाल्गुन १० गते जारी उक्त ऐनद्वारा गठित आयोगको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहने र आवश्यकता अनुसार प्रदेशस्तरमा समेत शाखा कार्यालय खोल्न सक्ने व्यवस्था समेत ऐनमा छ। आयोग अविछिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुने र आयोगको सबै काम कारवाहीका निमित्त आफ्नो एउटा छुट्टै छाप हुने, आयोगले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्ने प्रावधान ऐनले गरेको छ। आयोगले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र आयोग उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्ने एवम् यसले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने समेत व्यवस्था ऐनमा राखिएको छ।

## चिकित्सा शिक्षा आयोगको गठन

राष्ट्रिय चिकित्सा शिक्षा ऐन ,२०७५ को दफा ५ मा चिकित्सा शिक्षा आयोगको गठन देहाय अनुसार हुने व्यवस्था छ :

| | | |
|---|---|---|
| (क) | प्रधानमन्त्री - | अध्यक्ष |
| (ख) | शिक्षासम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्री - | सहअध्यक्ष |
| (ग) | स्वास्थ्य सम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्री - | सहअध्यक्ष |
| (घ) | चिकित्सा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका चिकित्सकहरूमध्येबाट नेपाल सरकारले नियुक्ति गरेको एक जना - | उपाध्यक्ष |
| (ङ) | सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा तथा स्वास्थ्य हेर्ने) - | सदस्य |
| (च) | चिकित्सा शिक्षा कार्यक्रम सञ्चालन भएका विश्वविद्यालय र प्रतिष्ठानका उपकुलपतिहरूमध्येबाट तीन जना - | सदस्य |
| (छ) | शिक्षासम्बन्धी विषय हेर्ने नेपाल सरकारको सचिव - | सदस्य |
| (ज) | स्वास्थ्यसम्बन्धी विषय हेर्ने नेपाल सरकारको सचिव - | सदस्य |
| (झ) | अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग - | सदस्य |
| (ञ) | उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् - | सदस्य |
| (ट) | अध्यक्ष, आयुर्वेद चिकित्सा परिषद् - | सदस्य |
| (ठ) | अध्यक्ष, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् - | सदस्य |
| (ड) | अध्यक्ष, नेपाल नर्सिङ परिषद् - | सदस्य |
| (ढ) | अध्यक्ष, नेपाल स्वास्थ्य व्यवसायी परिषद् - | सदस्य |
| (ण) | अध्यक्ष, नेपाल फार्मेसी काउन्सिल - | सदस्य |
| (त) | स्वास्थ्यसम्बन्धी राष्ट्रिय तहका मेडिकल तथा नर्सिङलगायतका आधिकारिक पेसागत सङ्गठनका अध्यक्षहरूमध्येबाट कम्तीमा एक जना महिलासिहत दुई जना - | सदस्य |
| (थ) | मेडिकल र डेन्टल बाहेकका निजी शिक्षण संस्था सञ्चालकहरूको राष्ट्रियस्तरको आधिकारिक सङ्गठनका अध्यक्ष - | सदस्य |
| (द) | नागरिक समाजका लब्ध प्रतिष्ठित कम्तीमा एक महिलासहित दुई जना - | सदस्य |
| (ध) | अध्यक्ष, नेपाल मेडिकल काउन्सिल - | सदस्य |
| (न) | चिकित्सा शिक्षा विज्ञहरूमध्येबाट समावेशी सिद्धान्तको आधारमा कम्तीमा | |

| | | |
|---|---|---|
| | दुई जना महिलासहित तीन जना - | सदस्य |
| (प) | अध्यक्ष, नेपाल मेडिकल एसोसिएसन - | सदस्य |
| (फ) | निजी मेडिकल र डेन्टल कलेज सञ्चालकहरूको राष्ट्रियस्तरको आधिकारिक सङ्गठनका अध्यक्ष - | सदस्य |
| (ब) | आयोगको वरिष्ठ कर्मचारी - | सदस्य सचिव |

उपर्युक्तअनुसारको आयोगमा मनोनित हुने सदस्यहरूको मनोनयन अध्यक्षले गर्ने व्यवस्था छ। निजहरूको पदावधि चार वर्षको हुने र अर्को एक कार्यकालका लागि पुनः मनोनयन हुन सक्ने प्रावधान छ।

आयोगको काम, कर्तव्य र अधिकार

**ऐनको दफा ६ मा चिकित्सा शिक्षा आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने उल्लेख गरिएको छ :**

(क) चिकित्सा शिक्षाको क्षेत्रमा अवलम्बन गर्नुपर्ने राष्ट्रिय नीति तय गर्ने,
(ख) सङ्घ तथा प्रदेश तहका चिकित्सा शिक्षाको सबै तह तथा विधाको मापदण्ड र स्तरसम्बन्धी नीति तथा मापदण्ड निर्धारण गर्ने,
(ग) एकीकृत प्रवेश परीक्षा (कमन इन्ट्रान्स) सञ्चालनका लागि नीति तथा मापदण्ड निर्धारण गर्ने,
(घ) प्रत्यायनसम्बन्धी नीति, आधार तथा मापदण्ड निर्धारण गर्ने,
(ङ) प्राज्ञिक उन्नयन तथा अनुसन्धानसम्बन्धी नीति निर्धारण गर्ने,
(च) चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद्लाई आवश्यकताअनुसार निर्देशन दिने,
(छ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजका लागि प्रत्यायनका आधार स्वीकृत गर्ने,
(ज) आशय पत्र, सम्बन्धन र सम्बन्धन खारेजीसम्बन्धी नीति र मापदण्ड तय गर्ने,
(झ) नेसनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजले लिएको परीक्षामा उत्तीर्ण हुने चिकित्सकलाई उपाधि प्रदान गर्ने,
(ञ) आयोगको वार्षिक बजेट तथा आयोगको लागि आवश्यक कर्मचारीको दरबन्दी स्वीकृत गर्ने,
(ट) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन स्वीकृत गर्ने,
(ठ) तोकिएबमोजिमका अन्य कार्य गर्ने।

## कार्यकारी समिति

ऐनको दफा ८ ले आयोगको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी समिति रहने र उक्त समितिको गठन निम्नानुसार हुने उल्लेख गरेको छ :

(क) उपाध्यक्ष –अध्यक्ष
(ख) निर्देशकहरू – सदस्य
(ग) आयोगका सदस्यहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका कम्तीमा एक जना महिला सहित दुई जना – सदस्य
(घ) आयोगको सदस्य सचिव – सदस्य सचिव

मनोनित सदस्यहरूको पदावधि आयोगको सदस्य रहेसम्म कायम रहने व्यवस्था छ।

### कार्यकारी समितिको काम, कर्तव्य र अधिकार

ऐनको दफा ९ ले कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहने उल्लेख गरेको छ :

(क) निर्देशनालय र बोर्डबीच समन्वय गर्ने,
(ख) निर्देशनालय र बोर्डको कार्यको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने तथा आवश्यकताअनुसार निर्देशनालय र बोर्डलाई निर्देशन दिने
(ग) निर्देशनालय र बोर्डबाट पेस हुने कार्ययोजना, प्रस्ताव, निर्देशिका वा मापदण्डमा आवश्यक परिमार्जन गरी स्वीकृतिका लागि आयोगमा पेस गर्ने,
(घ) सम्बन्धित निर्देशनालयको सिफारिसका आधारमा यस ऐनबमोजिम आशयपत्रका लागि आयोग समक्ष सिफारिस गर्ने,
(ङ) आयोगमा स्वीकृत भएका नीति तथा कार्यक्रम सम्बन्धित निर्देशनालय र बोर्डद्वारा कार्यान्वयन गराउने,
(च) यस ऐनबमोजिम शिक्षण संस्थाको सम्बन्धन खारेजी गर्न सम्बन्धित विश्वविद्यालयलाई लेखी पठाउने,
(छ) चिकित्सा शिक्षाका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य र समन्वय गर्ने,
(ज) शिक्षण संस्था स्थापनाका लागि नक्साङ्कन तयार गर्ने,
(झ) शिक्षण संस्थाको विद्यार्थी सिट सङ्ख्या, शिक्षण शुल्क र सम्बन्धित विषयमा आयोगसमक्ष सिफारिस गर्ने
(ञ) तोकिएबमोजिमका अन्य काम गर्ने गराउने।

### निर्देशनालय तथा बोर्ड

आयोगको कार्य सम्पादनको लागि आयोगमा देहायका निर्देशनालय तथा बोर्ड रहने व्यवस्था ऐनको दफा २८ मा छ :

(क) मापदण्ड तथा प्रत्यायन निर्देशनालय
(ख) योजना,समन्वय तथा प्राज्ञिक उन्नयन निर्देशनालय
(ग) परीक्षा निर्देशनालय
(घ) नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज

### राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को प्रबोधीकरण कार्यक्रम

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ संसदबाट पारित भई सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण पश्चात् मिति २०७५ फाल्गुन १० गते राजपत्रमा प्रकाशित भइसकेको छ। कुनै पनि ऐन, नियमावलीको सहज कार्यान्वयनका लागि उक्त ऐन, नियमावली सरोकारवालाहरूलाई सुसूचित गराउनु आवश्यक हुन्छ। राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ लाई कार्यान्वयन गर्ने सन्दर्भमा पनि त्यसलाई सर्वप्रथम सरोकारवाला समक्ष प्रस्तुत गरी सुसूचित गर्नुका साथै नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड आदि

विकासका लागि पृष्ठपोषण सङ्कलन गर्ने उद्देश्यले आयोगद्वारा उक्त ऐनको अभिमुखीकरण/प्रबोधीकरण कार्यक्रम देशका सातवटै प्रदेशका सामाजिक विकास मन्त्रालयसँगको समन्वयमा प्रदेश राजधानीहरूमा आयोजना गरियो । उक्त अभिमुखीकरण/प्रवोधीकरणबाट प्राप्त पृष्ठपोषण समेत समेटी संघीय राजधानी काठमाडौंमा नेपाल सरकारका उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री माननीय उपेन्द्र यादवज्यूको प्रमुख आतिथ्यमा चिकित्सा शिक्षासम्बन्धी राष्ट्रिय गोष्ठी समेत आयोजना गरियो ।

प्रदेशस्तरका विराटनगर, जनकपुर र धनगढीमा भएका अभिमुखीकरण/प्रबोधीकरण गोष्ठीमा नेपाल सरकारका शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय गिरिराजमणि पोखरेलज्यूको प्रमुख आतिथ्य रह्यो भने जनकपुरमा भएको गोष्ठीमा राष्ट्रिय सभाका उपाध्यक्ष माननीय शशिकला दाहालज्यूको समेत विशेष आतिथ्य रह्यो। त्यसैगरी पोखरा, बुटवल, हेटौंडा र सुर्खेतमा भएका गोष्ठीमा सम्बन्धित प्रदेशका सामाजिक विकास मन्त्रीज्यूहरूको प्रमुख आतिथ्य रह्यो । सातवटै प्रदेश तथा राष्ट्रिय गोष्ठीमा स्थानीय सरकारका प्रतिनिधि, प्रदेश सरकारका प्रतिनिधि, प्रदेश सभाका सदस्य, संघीय सरकारका प्रतिनिधि, योजना आयोगका सदस्य, विश्वविद्यालय तथा प्रतिष्ठानका उपकुलपति, शिक्षा, स्वास्थ्य क्षेत्रका व्यक्तित्व, शिक्षक, विद्यार्थी, पत्रकार लगायतका विभिन्न क्षेत्रका सरोकारवालाहरूको उपस्थितिमा तपसिल बमोजिमको मितिमा अभिमुखीकरण/प्रबोधीकरण कार्यक्रम सम्पन्न भयोः

| क्र. सं. | प्रदेश/ संघ | मिति | स्थान |
|---|---|---|---|
| १. | प्रदेश नं. १ | ०७६/०२/२३ | विराटनगर |
| २. | प्रदेश नं. २ | ०७६/०२/२५ | जनकपुर |
| ३. | प्रदेश नं. ३ | ०७६/०३/१९ | हेटौंडा |
| ४. | गण्डकी प्रदेश | ०७६/०२/३१ | पोखरा |
| ५. | प्रदेश नं. ५ | ०७६/०३/०१ | बुटवल |
| ६. | कर्णाली प्रदेश | ०७६/०३/२२ | सुर्खेत |
| ७. | सुदूरपश्चिम प्रदेश | ०७६/०३/१५ | धनगढी |
| ८. | संघ | ०७६/०३/२९ | काठमाडौं |

## गोष्ठीहरूमा उठान गरिएका मूलभूत विषयवस्तुहरू

प्रदेशस्तर सञ्चालित गोष्ठीहरूमा उठान गरिएका मूलभूत विषयवस्तुहरू निम्न छन्:

- प्रदेशस्तरको कार्यालय स्थापना नहुँदा सम्म एवम् भएपछि पनि सामाजिक विकास मन्त्रालयसँग समन्वय हुनुपर्ने
- चिकित्सा शिक्षाका शिक्षण संस्थाहरू सञ्चालन गर्दा भौगोलिक सन्तुलन कायम गर्नुपर्ने
- एकीकृत प्रवेश परीक्षा सबै विधामा लागू हुने गरी तुरून्त सञ्चालन गर्नुपर्ने
- चिकित्सा स्वास्थ्य शिक्षा सम्बन्धी प्रमाणपत्र भन्दा मुनिका कार्यक्रमहरू संचालन हुने शिक्षण संस्थालाई अपग्रेड गर्नका लागि मापदण्ड निर्धारण गरी तत्काल सूचना जारी गर्नुपर्ने
- नियमावली तुरून्तै निर्माण गरी कार्यान्वयनमा लैजानुपर्ने
- छात्रवृतिको सुविधा सबै विधाका हकमा लागू हुनुपर्ने
- अनुगमन प्रणालीलाई व्यवस्थित बनाई विद्यार्थीमैत्री वातावरण निर्माण गर्नुपर्ने
- अतिरिक्त शुल्कको भार हटाउन शुल्कका प्रावधानलाई पारदर्शी बनाउनु पर्ने
- चिकित्सा शिक्षाको गुणस्तरमा सम्झौता गर्न नहुने ।

## सम्बोधन

उपर्युक्तमा उठेका सवालहरूको सम्बोधन गर्ने क्रममा आयोग र विज्ञहरूका तर्फबाट सम्बोधन गर्दा मूलत निम्न विषयहरू प्रस्तुत गरिएको थियो ।

- उपाध्यक्षको नियुक्तिका लागि सिफारिस गर्न राष्ट्रिय चिकित्सा शिक्षा ऐन,२०७५ को परिच्छेद ९ को दफा २३ बमोजिम समिति गठन भई कार्यप्रक्रिया अगाडि बढेको,
- विभिन्न उपसमिति (शुल्क निर्धारण, एकीकृत प्रवेश परीक्षा, संगठन संरचना, नियमावली तर्जुमा) गठन भई कार्यप्रक्रिया अगाडि बढेको,
- चिकित्सा शिक्षा नियमावली निर्माणको प्रक्रिया जारी रहेको ।


## सल्लाहकार

सदस्य सचिव श्री चन्द्रकान्त भुसाल

### सम्पादन मण्डल

उपसचिव श्री तुलसीप्रसाद आचार्य

उपसचिव श्री सरला पौडेल

उपसचिव श्री सेमन्त राज कोइराला

उपसचिव श्री जमुना चुदाली

शाखा अधिकृत श्री इनर बाबा मल्ल

शाखा अधिकृत श्री साबित्रा पौडेल

शाखा अधिकृत श्री नारायणी जोशी

शाखा अधिकृत श्री सीता कोइराला

### सम्पादन सहयोगी

नासु श्री ममता बस्नेत

खरीदार श्री बिमला पन्थ

आर्थिक वर्ष ०७५/०७६को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्पन्न भएका कार्यक्रमका झलकहरू :



उपसचिव श्री तुलसीप्रसाद आचार्यज्यूबाट विराटनगरमा सहजीकरण गर्नु हुँदै ।



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय गिरिराजमणि पोखरेलज्यूबाट जनकपुरमा कार्यक्रममा उद्घाटन गर्नु हुँदै ।



राष्ट्रिय सभाका उपाध्यक्ष माननीय शशिकला दाहालज्यूबाट जनकपुरमा सम्बोधन गर्नु हुँदै ।



सदस्य सचिव श्री चन्द्रकान्त भुसालज्यूबाट जनकपुरमा कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै ।



प्रदेश ५ का सामाजिक विकासमन्त्री माननीय सुदर्शन बरालज्यूबाट बुटवलमा कार्यक्रमको उदघाटन गर्नुहुँदै ।



उपसचिव श्री तुलसी प्रसाद आचार्यज्यूबाट बुटवलमा कार्यक्रममा सहजीकरण गर्नु हुँदैं ।



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय गिरिराजमणि पोखरेलज्यूबाट विराटनगरमा कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै ।



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय गिरिराजमणि पोखरेलज्यूबाट धनगढीमा कार्यक्रम उद्घाटन गर्नु हुँदै ।